# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-३०,आषाढ, २०६९


## भित्र


मानसरोवर यात्रा संस्मरण.......३

पाका सामाजिक कार्यकर्ता पनाईलाल सदा .........................४

०६८/०६९ असार मसान्त सम्मको आयव्यय विवरण ......४





सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# अनुगमन टोली सामाजिक परिवारमा

डेनमार्क सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रमहरूको अनुगमन/मूल्याङ्कन गर्ने सिलसिलामा अन्तराष्ट्रियस्तरको अनुगमन/मूल्याङ्कन टोली नेपालमा रहँदा २०६९ अषाढ ६ गते समग्रको केन्द्रीयस्तरका कर्मचारीहरूसँग भेट-घाटका क्रममा समग्रद्वारा जिल्लामा सञ्चालन भएका कार्यक्रमको जानकारी गराएपछि फिल्डमा सञ्चालित कार्यक्रमको अनुगमन गर्ने सिलसिलामा २०६९ आषढ ९ र १० गते सप्तरी र उदयपुरका सामाजिक परिवारसँग भेट-घाट गर्न टोली उनीहरूकै थातथलोमा पुग्यो ।

त्यस टोलीको नेतृत्व शेशीलीया ल्यूङम्यानले गरेकि थिइन्, भने डेनिस सरकारको परराष्ट्र मन्त्रालयबाट अन्तर्राष्ट्रिय डेनिस सहयोग कोषका बरिष्ठ सल्लाकार आन्डर्स र स्थानीयका तर्फबाट स्वतन्त्र परामर्शदाता हरि फुँयाल समेत रहेको तीन सदस्यटोली सोहि दिन दिउँसो सप्तरीको दौलतपुरको चकाहामा पुग्यो । त्याहा जम्मा भएका, दौलतपुर, हर्दिया, भंगाहा, पिप्रापश्चिम र मलहनवाका १० वटा सामाजिक परिवारका करिव २ सय जना सदस्यसँग भेट-घाट गऱ्यो । सहभागीमध्ये गंगा दर्लामी मगरले सभाको अध्यक्षता गरेकी थिइन्, भने डिकुरा पोखरेल र अमृता श्रेष्ठले पाहुनाहरूलाई लोक भाकाको गीतबाट स्वागत गरेका थिए । स्वागत पछि आफ्ना अनुभव सुनाउने क्रममा मनकामना सापकी अञ्जु खुलाल मगरले भनिन् “हाम्रो सापमा ३० घर सदस्य छौं । प्रत्येक सदस्यबाट मासिक रू २० का दरले कोष सङ्कलन गरेको रकम रू ५० हजार पुगेको छ । यो बढ्दै जान्छ, राज्यका विभिन्न निकायले हाम्रो जिल्लाका लागि छुट्याएको बार्षिक वजेटबाट हालसम्म रु २ करोड ७५ लाख गाउँमा सिँचाइका लागि




*तपाईंले उन्नति गर्दा भेटिएका मानिसहरूसँग राम्रो व्यवहार गर्नुस् किनकी तपाईंको अवनतिका बेलामा पनि तिनीहरूलाई भेट्नुहुनेछ ।*

*- जिम्मी दुरांते*

२ करोड नहर निर्माणको लागि पार्यौं नहर (कुलो) निर्माण गर्दैछौं । यसमा जिविस सप्तरी, भौतिक तथा निर्माण मन्त्रालयको प्रमुख सहयोग छ । भू-संरक्षण कार्यालय लगायत विभिन्न संघसंस्थाबाट सहयोग जुटाई अल्पकालिन र दीर्घकालीन योजना शुरु गरेका छौं । महिला पुरुषमा समता भाव राख्दै एक आपसमा मिलेर बसेका छौं ।”

आफ्ना भनाई राख्ने क्रममा रिता थापा, प्रगति साप, रामप्यारी चौधरी जनचेतना साप, पिप्रा पश्चिमका असिलाल सदा, दलित कल्याण साप, चहकाका राजेदेव राम दलित मिलन साप, अनिरुद्र प्रसाद मण्डल दलित मिलन साप भंगहा, सतौनदेवी समग्रको कार्य समिति सदस्य लगायत महिला तथा पुरुष साप सदस्यहरूले विभिन्न अनुभव सुनाए । आषाढ १० गते समग्रको क्षेत्रीय कार्यालयमा त्यस भेगमा कार्यरत कर्मचारी तथा क्षेत्रीय संयोजक दुर्गा प्रसाद महतोसँग भेटी थप जानकारी लिएको थियो। सप्तरीको मोहनपुर गाविसको कठौनामा प्रगति साप र कठौना सापका ३३ जना सदस्यहरूसँग अन्तरकृया भयो । यो दोहोरो छलफल हेर्न र सुन्न लायक थियो । दुवै थरी एक अर्काका भाषा बुझ्दैन् तर इसारै इसाराले भाव बुझ्छन् । भाषा रुपान्तरण गर्ने मान्छे अलमलिन्छन् तर उनीहरू भावैले धेरै बुझे झैं गर्थ्ये । सापका प्रतिनिधिहरूले आफ्ना भनाई राख्ने क्रममा शुरु गरे, उसवेलाको दुःख अनि दुःख दिनेका व्यवहार, धर्म, मर्म र पिडादायी स्मृतीहरू र पछिका घटना सम्झँदै, “अवत महिलाहरूका घुम्टो उतारीयो सधैका लागि, आफ्ना बस्तीमा धेरै कुरा सुधार भए, खाने पानी, सरसफाई शिक्षामा पहिलाभन्दा अहिले सुविधा भयो । मानवअधिकार लगायत विभिन्न तालिम पायौं । अवलोकन भ्रमणमा पहाड तर्फका सापको उन्नति हेर्न गयौं । अवलोकन भ्रमण नहुँदो हो त यहाँका ग्रामीण विपन्न मान्छे कहिले के कामले पुग्नु धादिङ, गोरखा र लमजुङका दुरदरारका गाउँमा ! यिनका लागि कस्ले व्यवस्था गर्ने ? आफ्नै मुलुकमा अर्को दुनियाँ जस्तो लाग्ने अग्ला र भिराला बस्ती अनि ती बस्तीका दलित विपन्न परिवारहरूले परापूर्वकालदेखि भोग्दै आएका सास्ती, हाल सापको माध्यमले त्यसबाट उम्कन लगाएका शक्ति यस्तै धेरै कुरा देख्न, हेर्न र सिक्न पाउँदैनथे होलान् ।” त्यस भेगका अगुवा दुर्गानन्द सदाले भावुक भएर भने, “हाम्रो जस्तो गरीव, विपन्न मुसहर बस्तीमा काम गर्न कमै आउँछन् तर समग्रले २०५० सालदेखि आएर हाम्रा झुपडी भित्रका

> *दुर्गानन्द सदाले भावुक भएर भने हाम्रो जस्तो गरीव, विपन्न मुसहर बस्तीमा काम गर्न कमै आउँछन् तर समग्र त २०५० सालदेखि आएर हाम्रा झुपडी भित्रका मुहारहरुमा हाँसो, उत्साहा र आँट भर्ने काम गर्‍यो । हाम्रा समुदायलाई सशक्त र सशक्तिकरण गर्‍यो हामी खुशी छौं ।*




मुहारहरूमा हाँसो, उत्साह र आँट भर्ने काम गर्‍यो । हाम्रा समुदायलाई सशक्त बनायो हामी खुशी छौं । तपाईहरू पनि सात समुन्द्र पारीदेखि आउनु भो हाम्रा कुरा सुन्नु भो धन्यवाद ।”

पहिलो दिनको छलफलमा डेनिस अन्तर्राष्ट्रिय सहयोग कोषका बरिष्ठ सल्लाकार आन्डर्सले खुशी हुँदै आफ्ना भनाई यसरी राखे- “तपाईहरू यति धेरै संख्यामा यहाँ जम्मा हुनु भएकोमा धन्यवाद दिन्छु । तपाईहरूले साप मार्फत धेरै काम गर्नु भएको सुन्न पाउँदा खुशी लाग्यो । एकातिर तपाईहरू सशक्त हुनु भएको रहेछ । अर्कातिर धेरै सरकारी संघ संस्थाहरूलाई समन्वय गरी आफ्नो गाउँ र भेगको उन्नतिका लागि स्रोत परिचालन गर्नु भएको सुन्दा ज्यादै खुशी लाग्यो । तपाईहरूलाई शुभकामना । अरु उन्नतिका लागि गाउँलाई सुहाउँदो र आजको आवश्यकतालाई बुझी समग्रले सामाजिक परिवारको अवधारणा ल्याएको रहेछ । यसले गाउँ/टोलका मानिसहरूमध्ये पनि विशेषत महिलाहरूलाई सहभागितामूलक अभियानमा संगठित भएर अगाडि बढ्ने अवसरको सृजना गर्‍यो । सफल कार्यान्वयन गरेको पाउँदा खुशी लाग्यो । तपाईहरूबाट धेरैले सिकन सक्छन् । आफ्नै खुट्टामा उभिन कोशीस गर्नु भएकोमा धेरै धेरै धन्यवाद ।”

अनुगमन मूल्याङ्कन टोलीका नेतृत्वकर्ता शिशिलियाले कठौनाका (महिला/पुरुष) सामाजिक परिवारका सदस्यहरूसँग छलफलका क्रममा भनिन् “तपाईहरूले गर्नु भएको कामका बारेमा यस भवनको भित्तोले बोलिरहेको छ । तपाईहरूको सापले धेरै राम्रा काम गरेको रहेछ अझ धेरै राम्रा काम गर्दै जानुहोस्, हाम्रो शुभकामना !” छोटो मिठो यो भेट- घाटमा एक आपसका अनुभव साटासाट भयो ।

यो भ्रमण टोलीमा स्थानीय उत्प्रेरक, स्वयमसेवक र डानिडा ह्यूगोका मानवअधिकार सल्लाहकार मुकुन्द कट्टेल, समग्रका अमर अधिकारी र क्षेत्रीय संयोजक दुर्गाप्रसाद महत्तो संलग्न थिए ।

भम्रण दलका सदस्यहरुलाई स्थानीय समाजिक परिवारको तर्फबाट भव्य स्वागत भएको थियो । यो भ्रमण एक आपसका अनुभव साटा-साट गर्ने अवसर भएकाले दुवै पक्षले उपलब्धिमूलक रहेको टिप्पणी गरे ।

# मानसरोवर यात्रा संस्मरण

चीनको स्वशासित क्षेत्र तिव्वतको पश्चिमी भेगमा पर्ने मानसरोवर र कैलाश पर्वतको दर्शन गर्न हजारौ तीर्थयात्रीहरू त्यहाँ पुग्ने गर्दछन् । यसका वारेमा धेरैपहिलेदेखि धेरै महिमा सुनेपनि प्रत्यक्ष दर्शन गर्ने मौका पाइएको थिएन । धेरै इच्छापछि यसपटक सो स्थानको भ्रमण गर्ने मौका जुऱ्यो। भारत हैदरावादका १६ जना डाक्टर सहितका १२९ जना यात्रीहरू र उनीहरूको व्यवस्थापनमा २४ जना नेपालीहरू पनि सहभागि थिए। पहिलो दिन नेपाली वसबाट सवै सहभागिहरू १० वजे कोदारी (नेपाल र चीनको वोर्डर) पुग्यौं । २ घण्टाको इमिग्रेसन जाँचपास पछि खासा वजार प्रवेश भयो । चाइनीज वस र जीपबाट २ घण्टाको यात्रापछि ३५ किमिमा रहेको पहिलो वजार न्यालम पुगियो। जहाँ त्यसदिनको वास तय भएको थियो। न्यालम स्थानीय तिव्वती वजार हो, जहाँ वास वस्नका लागि सुविधा सम्पन्न होटलहरू रहेका छन् । त्यहाँ सवै सामानहरू किन्न पाइन्छ । यो स्थान काठमाडौ बाट १५३ किमि दुरीमा र ३७५० मिटर उचाईमा रहेको छ । सामान्यतया सवैले भोलिपल्ट पनि त्यही स्थानमा वास वस्नुपर्ने हुन्छ। पर्वतीय हावापानीमा वानी पार्नको लागि त्यसो गरिन्छ । न्यालमबाट हाम्रो यात्रा अगाडि वढ्यो । त्यसदिन सागा हुदै दोङवा वजार पुग्यौ वासका लागि । ब्रह्मपुत्र नदीको तटमा रहेको सागा वजार पर्छ। दोङवा न्यालमबाट ३७६ किमिमा रहेको छ। त्यसठाउँको उचाई ४५५० मिटर रहेको र त्यहाँ पुग्न गाडीले ५०५० मिटर सम्मका गल्छीहरू पार गर्नुपर्ने हुन्छ। चौथो दिन हाम्रो यात्रा मानसरोवर हेर्ने कौतुहलताले अगाडि वढ्यो । गाडी मानसरोवरको तटमा पुग्यो, संसारै पानी पानी समुन्द्र जस्तो लाग्ने निलो, त्यसमा पौडीरहेको राजहाँस, वरिपरि हिमाल, उत्तरमा शिव लिङ्ग आकारको कैलाश पर्वत त्यहाँको मनोरम दृश्यको महिमा अपार छ। सबै यात्रुहरू चिसोको कुनै पर्वाह नगरी सरोवरमा स्नान गर्न लागे । मानसरोवको स्नानपछि बस झण्डै २ घण्टा लगाएर तालको परिक्रमा गर्दै पल्लोपट्टि रहेको राक्षस ताल हुँदै कैलाशको वेश क्याम्प धार्चेत वजारतर्फ अगाडि वढ्यो। १ घण्टाको समयपछि ४० किमिमा रहेको धार्चेन वजार पुगेर त्यस दिनको विश्राम भयो। करिव ४ सय स्क्वायर किमिमा फैलिएको मानसरोवरको व्याख्या स्कन्द पुराणमा पनि गरिएको छ। भगवान शिव स्वयं राजहंसभएर मानसरोवरमा जलपरिक्रमा गरिरहने विश्वास छ । यस सरोवरमा सवै देवताहरू ब्रह्ममूहर्तमा स्नानका लागि आउने विश्वास गरिन्छ । मानसरोवरमा सतीदेवीको दाया हात गिरेको थियो, त्यसैले त्यहाँ एक शिलालाई उनको रुप मानी पूजाआजा गरिन्छ । यसलाई शक्तिपिठ मानिन्छ । भारतको महत्वपूर्ण



शिव लिङ आकारको कैलाश पर्वतको तस्वीर

नदीहरू ब्रह्मपुत्र, सिन्धु, सतलज तथा नेपालको कर्णालीनदीको मुहान यही मानसरोवर हो ।

धार्चेनबाट कैलाश पर्वत परिक्रमाको लागि पश्चिमी मोहडामा रहेको यमद्वारबाट यात्रा शुरु भयो । तिव्वती भाषामा फन्को मार्नु, घुम्नुलाई कोरा भनिन्छ। कोरा गर्नको लागि यमद्वारभन्दा तल रहेको चौरबाट पैदल हिड्न नसक्नेले घोडा पनि प्रयोग गर्न सकिन्छ । हाम्रा दलका झण्डै ७० जनाले घोडा प्रयोग गरे भने वाँकी सदस्य पैदल यात्रामा नै रमाउँदै वरिपरी पहाडि हिमाली श्रृङखला र विचमा खोचैखाचजको बाटो हुँदै १४ किमिको दुरीमा रहेको देरापोकमा वास वस्न पुगियो। देरापोक ४९१० मिटर उचाईमा रहेको र कैलाश पर्वतको उत्तरी मोहडाको सवैभन्दा नजिकको स्थान हो, जहाँबाट कैलासको साक्षात दर्शन गर्न सकिन्छ। त्यस स्थानमा वास वस्नको लागि सुविधाजनक गेस्टहाउस उपलब्ध छ । यसको उत्तरतर्फ ऐतिहासिक वौद्ध गुम्वा छ ।

छैटौं दिन विहान ७ वजेबाट परिक्रमा (कोरा) पुनः शुरुभयो। डेरापोकबाट उकालो हुँदै त्यस मार्गको सवैभन्दा अग्लो टाकुरा डोलमला पासगर्नु पर्छ। डोलमला देउरालीको प्रतिक पनि हो, त्यहाँ बौद्धमार्गीहरूले तोरण, ध्वजापताका टाँगेर सिंगारेका छन् । यस स्थानमा केही वस्त्र चढाउनुपर्ने सामाजिक नियम छ । यो स्थानको उचाई ५६५० मिटर रहेको छ । डोलमाला पार गरेपछि अलिकति ओरालो झर्न साथ तल खोंचमा गौरीकुण्ड देख्न सकिन्छ । गौरी कुण्डको जललाई पवित्र मानिन्छ। त्यसपछि पहाडि चट्टानै चट्टान र हिउसंग खेल्दै झण्डै १ घण्टाको ओरालोपछि तल झर्न सकिन्छ। त्यसपछि तेर्पाइलो बाटो हुँदै जुथुलपुक पुगिन्छ। यो स्थान देरापोकबाट २२ किमिको दुरीमा रहेको छ। जहाँ पुरानो वौद्ध गुम्वा रहेको छ । त्यसदिनको वास जुथुलपुकमा भयो । सातौ दिन विहान जुथुलपुकबाट विदा हुँदै हाम्रो यात्रा परिक्रमाको शुरुस्थल धार्चेनतर्फ अगाडि वढ्यो। करीव ३ घण्टाको पैदलयात्रापछि धार्चेन पुगियो । सफलताका साथ कोरा गर्न सकिएकोमा भारतीय यात्रुहरू आपसमा खुशी साटासाट गरे । कैलासपर्वतको पूरा परिक्रमापछि अष्टपर्वतको परिक्रमा शुरु हुन्छ ।

आठौं दिन विहान मानसरोवर र कैलास पर्वतको दर्शन गर्दै यस स्थानमा आउन पाएकोमा अहोभाग्य ठानी शिवजीलाई नमनगर्दै हाम्रो यात्रा प्रयाङ तर्फ मोडियो। २२५ किमिको सफरपछि प्रयाङ आई पुगियो । प्रयाङको उचाई ४५४८ मिटर रहेको छ। त्यसस्थानमा पनि वासको राम्रो सुविधा छ । त्यसपछि नवौदिनमा न्यालम हुदै दशौं दिनमा काठमाडौ आइपुगेर हाम्रो यात्रा पूरा भयो ।

(समग्रका कार्यक्रम अधिकृत अमरसिँह अधिकारीको यात्रा संस्मरण)

# पाका सामाजिक कार्यकर्ता : पनाईलाल सदा

वावु वामी र आमा क्षतिनीको कोखबाट वि.स. १९९४ सालमा सप्तरी जिल्लाको मोहनपुर वडा नं ८ मा जन्मिएका हुन् पनाईलाल सदा । ३ जना दाजुभाई मध्ये जेठा हुन् उनी । छिमेकी रौरलाल साहबाट सामान्य लेखपढ गर्न सिकेका उनले औपचारिक शिक्षा हासिल गर्ने मौका नै पाएनन् । जमीनदारको काम गर्दैमा उनको वाल्यकाल बित्यो । जमीनदारको काम गरेवापत दिनको अढाई शेर वोनी पाउँथे उनले । २५ वर्षको उमेरमा उनको विहे भयो । २ छोरा र २ छोरीको वावु भए उनी, संयुक्त परिवारबाट उनको परिवार छुट्टियो । दलित त्यसमा पनि उनी मुसहर जग्गाजमीन अत्यन्तै कम, उनको भागमा घडेरी पनि परेन । कठौना वजारमा खोलाको तिरमा ऐलानी जग्गामा बासका लागि कुसको झाप्रो हालेर वसे । सानैदेखि अलि चलाख उनी मुसहर भएपनि गाउँका जान्ने वुझ्ने मानिन्थ्ये । १० वर्ष वडा अध्यक्ष, कठौना आयआर्जन समितिको अध्यक्ष, समग्रका साधारण सदस्य तथा अन्य सामाजिक कार्यमा लामो समय विताएका पनाईलाल अहिले पनि उत्तिकै सक्रिय छन् । उनी आफनो विगत यसरी सुनाउँछन् :

२०४९ सालताकाको कुरा हो । एकदिन हाम्रो गाउँमा नन्द सिलवाल भन्ने मान्छे आए । चौधरी टोलमा वास वसेछन्, अनि गरीव कहाँछन् भनेर सोधेछन्, त्यो चौधरीले हाम्रो बस्तीलाई देखाएदिएछन् र मलाई भेट गर्नू भनेर पठाइदिएछन् । उनी मलाई खोज्दै मेरा घर आइपुगे । उनले यहाँ वैठक वस्नु पऱ्यो, सवै मानिस जुटाई दिनु पऱ्यो भने । मैले डराई डराई गाउँका मनिसहरूलाई जुटाई दिएँ, यो मान्छे, के गर्न खोजेको हामीलाई खुलदुली थियो । बैठकमा उनले आफू ग्रामीण स्वावलम्वन विकास केन्द्र भन्ने संस्थाको कार्यकर्ता भएको र यहाँ गरीवहरूको हित गर्न आएको भने । उनले तपाईहरूको बस्तीमा सबै गरीव रहेछन् । एउटा समिति बनाऊ भने । हामीहरूले कठौना आयआर्जन समिति बनायौं । म अध्यक्षमा छानिए । उनले हाम्रो आवश्यकता सोध्यो, हामीले अर्काको जग्गामा मजदुरी गर्छौं आफ्नो जग्गा जमिन छैन, रोजगारीका कामहरू पनि छैन, गरीव छौं भन्यौं । अनि उनले भैंसीपालन गर्नुस् म सहयोग गर्छु भने । भैंसीपालनका लागि ७५ हजार ऋणदियो । त्यसैगरी वाखापालन गर्न ५० हजार दियो । गाउँमा कसैले भैंसी कसैले बाखा पाल्न शुरु गऱ्यौं । त्यहिबेला मैले वन्दीपुरमा ३५ दिनको पशु तालिम लिने मौका पाएँ । तालिमपछि म पशुकार्यकर्ता भएर सबैको पशुचौपायाको उपचार गर्न थालें । यसबाट मलाई परिवार पाल्न सजिलो हुँदै गयो । पहिले भुतप्रेत लाग्यो भनेर झाँक्रिले उपचार गर्दा धेरै चौपाया मरेका थिए । मैले औषधि गर्न थालेपछि पशु मर्न कम हुँदै गयो । म उनीहरूका लागि भगवान जस्तै भएँ । आयआर्जन समितिलाई हामीले २०६३ सालमा सामाजिक परिवार वनायौं । सामाजिक परिवार वनेपछि हामीले समग्रबाट धेरै किसिमका तालिमहरू र चेतनाका कुराहरू पायौं । मुसहरहरूको अधिकार खोज्न थाल्यौं । कुसका छानाहरूलाई जस्ताको छानामा परिवर्तन गर्न सक्यौं । धेरै साथीहरूले आयआर्जन गर्दै पक्की घरहरू पनि वनाए । हामीले मासिक २५ रुपैयाका दरले वचत गर्दै गयौं । अहिले हामीसँग १ लाख ३२ हजार कोष छ । सबै कुनै न कुनै काममा लागेका छन् । छुवाछुत तथा गरिवी घट्दै गएको छ । धेरै संघसंस्थाहरूमा हामीले कार्यक्रमहरू माग गरी चलाएका छौं । घरेलु तालिम, स्वस्थ्य तालिम, फलफूलको खेती, पशुपालन थुप्रै काम गरेका छौं । सामाजिक परिवारको माध्यमले । यो सबै हामीलाई बाटो देखाइदिने समग्र हो । समग्रले हामीलाई वुद्धि, ज्ञान र सूचना दियो । हामी मुसहरहरू संगठित भएर आफ्नै संगठन वनायौं । अहिले हामीलाई कसैले हेप्न, चेप्न सकेका छैनन् ।




## ०६८/०६९ असार मसान्तसम्मको

## आयव्यय विवरण

### आम्दानी तर्फ

आ.ब.२०६७/६८ को मौज्दातबाट: रु.११,५२,५१४।–

डानिडा/हुगोबाट रु. ६०,००,०००।–

गरिबी निवारण कोषबाट: रु.७,३८,५४६।–

जिविस लम्जुङ्गबाट: रु.९,१२,२६८।–

जि.वि.स. गोरखाबाट: रु.१,९०,३३२।–

शिक्षा कार्यालय लम्जुङ्गबाट:रु.३,५००।–

घुम्तीकोषबाट रु. ९९,९५,४००।–

संस्थागत आम्दानीबाट: रु.१,१५,७०७।–

**कुल आम्दानी: रु.१,९१,०८,२६७।–**

### खर्च तर्फ

पारिश्रमिक तथा सुविधा: रु.२६,७३,५८९।-

भ्रमण तथा यतायात खर्च: रु.२,७६,३३२।-

घरभाडाहरू (केन्द्र तथा जिल्लाको समेत): रु.५,२६,७६३।-

अन्य सञ्चालन खर्चहरू रु.४,९४,३५५।-

कार्यक्रम सञ्चालन खर्च: रु.१,४३,८९,६५७।–

गत वर्षको दायित्तव भुक्तानि: रु.२६,४८८।–

२०६९ असार मसान्तसम्मको बचत: रु.७,२१,०८३।–

*असल व्यक्तिको जीवनको राम्रो पक्ष भन्नु नै उसले जीवनमा सम्पादन गरेका प्रेम र दयाले ओत प्रोत अज्ञात र स्मरण नगरीएका कार्यहरू नै हुन्*

*- वर्डस् वर्थ*